खावासाकी अन्तर्राष्ट्रिय संघ

# KIAN हेल्लो खावासकी

**जापानिज, अंग्रेजी, चाइनिज, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**
संघको होमपेज(https://www.kian.or.jp/hlkwsk.html) मा पनि प्रकाशित
2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033, जापान
फोन नं.:044-435-7000 फ्याक्स नं.:044-435-7010 https://www.kian.or.jp/ ईमेल：kiankawasaki@kian.or.jp

*******************************************************************************************************

## विदेशसँग जोडिएको बालबालिका र अभिभावकहरुको लागि प्रि-स्कूल

जापानी प्राथमिक विद्यालयमा भर्ना हुने बालबालिका तथा उनका अभिभावकहरूको लागि, प्राथमिक विद्यालयसम्बन्धी जानकारी र प्रवेशका लागि आवश्यक तयारीबारे निम्न स्थानहरूमा सजिलै बुझिने गरी जानकारी प्रदान गरिनेछ।

**नि:शुल्क**

| प्रि-स्कूलको दिन र समय | ठाउँ | नजिकको स्टेशन |
|---|---|---|
| 1/24(शनिबार) 9:30～11:30<br>1/24(शनिबार) 13:30～15:30 | खावासाकी<br>अन्तराष्ट्रिय केन्द्र | टोक्यु टोयोको लाइन/मेगुरो लाइन<br>"मोटोसुमियोशी स्टेशन" बाट पैदल हिडेर 10 मिनेट |
| ※विद्यालयमा प्रयोग हुने पुनःप्रयोग (रिसाइकल) सामग्री वितरण कार्यक्रम<br>【सीमित सामानहरु मात्र वितरण गर्ने कार्यक्रम】 | | |
| 2/28(शनिबार) 10:00～11:30 | आसाओ वडा<br>कार्यालय | ओडाक्यु लाइन "शिन-युरिगाओका स्टेशन" उत्तरी<br>गेटबाट पैदल हिडेर २ मिनेट |
| 3/7(शनिबार) 10:00～11:30<br>3/7(शनिबार) 13:30～15:00 | शिक्षा तथा संस्कृति<br>हल (खावासाकी वार्ड) | JR/केइक्यु "खावासाकी स्टेशन" बाट पैदल हिडेर 14<br>मिनेट |
| 3/8(आइतबार) 10:00～11:30<br>3/8(आइतबार) 13:30～15:00 | ताकाचु सिभिक हल | JR नाम्बु लाइन "मुसाशी-मिजोनोकुची स्टेशन" उत्तरी<br>गेटबाट पैदल हिडेर 2 मिनेट |

आवेदन QR



※आवेदन अवधि: 11/1 देखि सम्बन्धित विद्यालयको प्रि–स्कूलको मिति भन्दा 9 दिनअघि सम्म।
सम्पर्क : 045-435-7000 (खावासाकी शिक्षा परिषद) ईमेल : soudan39@kian.or.jp (खावासाकी अन्तर्राष्ट्रिय संघ)

*******************************************************************************************************

## 31औं विदेशी विद्यार्थीहरुको जापानिज भाषा वक्तृत्व-कला प्रतियोगिता

खावासाकी शहरमा बस्ने खावासाकीको विद्यालयमा पढने, काम गर्ने अथवा खावासाकी शहरको जापानिज भाषा पढाउने कक्षामा अध्ययन गर्ने विदेशी विद्यार्थीहरु,

**सहभागी चाहियो!**

**के तपाइँ जापानिज भाषाको वक्तृत्व-कला प्रतियोगितामा भाग लिन चाहनुहुन्छ ?**
जापानमा आएको 5 वर्षभन्दा कम भएको व्यक्तिहरु लक्षित, विषय स्वतन्त्र/ प्रति व्यक्ति 5 मिनेट




मिति र समय: **2026/2/15 (शनिबार) दिउँसो 1:00 देखि 4:30 सम्म**
स्थान: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
आवेदनको दिने अवधि: 2025/11/4 (मंगलबार) देखि 12/11 (बिहिबार)
सम्पर्क : खावासाकी अन्तर्राष्ट्रिय संघ (फोन नं. : 045-435-7000)

आवेदन QR

*******************************************************************************************************

## 20औं सानो-अन्तरक्रिया कार्यक्रम -फुराडान्स मार्फत सांस्कृति आदानप्रदानको आनन्द लिऔं।

"खावासाकी अन्तर्राष्ट्रिय संघ निजी संस्था परिषद्" का सदस्य संस्थाहरुले सहभागीहरुसँग अन्तरक्रिया गर्दै संस्थाको गतिविधिहरुलाई प्रोत्साहन गर्न योजना गरिएको सानो-अन्तरक्रिया कार्यक्रम हो।
यस पटक मुख्यतया खावासाकी शहरमा कार्यक्रमहरु गर्दै फुराडान्सको आनन्द लिने "लिनोहाना" ले फुराडान्स प्रस्तुत गर्नेछ। साथै फुराडान्सको अनुभव पनि गर्न सक्ने भएकोले सँगै सांस्कृति आदानप्रदानको आनन्द लिऔं!
सहभागिताको लागि दर्ता गर्न आवश्यक छैन।

**प्रवेश:नि:शुल्क**

मिति र समय: **डिसेम्बर 6 तारिख (शनिबार) दिउँसो 2:00 बजे बाट 4:00 बजे** (दिउँसो 1:30 बजे हलको ढोका खुल्नेछ)
स्थान: खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल प्रतिनिधि: युकिनो नोहाशी सोधपुछ: yukino.hula.studio@gmail.com

# आपतकालीन चिकित्सा सूचना केन्द्र



**वर्षको अन्त र नयाँ वर्षको बिदामा अचानक बिरामी भएमा सहेर नबसी छिटै डाक्टरकोमा जाने**

24 घण्टा 365 दिन खुल्ला हुने शहरका चिकित्सा संस्थाहरुको बारेमा जानकारी दिन्छौं।

आपतकालीन अवस्थामा एम्बुलेन्स (☎119 ) बोलाउनुहोस्।

खावासाकी शहर आपतकालीन चिकित्सा सूचना केन्द्र : ☎ **044-739-1919**

खानागावा आपतकालीन परामर्श केन्द्र: ☞**#7119 : 24 घण्टा 365** दिन खुल्ला हुन्छ।

वर्षको अन्त र नयाँ वर्ष **(12/30～1/3)** मा खुल्ने बिदाका दिनहरुको आपतकालीन क्लिनिकहरुको जानकारी खावासाकी शहरको वेबसाइटमा हेर्नुहोस्।

आपतकालीन अवस्था नभएको र यातायातको कुनै साधन नभएको व्यक्तिहरुलाई ट्याक्सी र निजी एम्बुलेन्सको जानकारी प्रदान गर्नेछौं। तर, हामी दाँत चिकित्सक (डेन्टिस्ट), सामान्य चिकित्सा परामर्श, वा COVID-19 परीक्षण सम्बन्धी जानकारी प्रदान गर्दैनौं। विस्तृत जानकारीको लागि खावासाकी शहरको आधिकारिक वेबसाइट हेर्नुहोस्।

**वेबसाइट**

https://www.city.kawasaki.jp/350/page/0000017115.html

*****************************************************************************************************

# वर्षको अन्त र नयाँ वर्षको बिदाको बेलाको फोहोर संकलन सम्बन्धि

**वर्षको अन्त र नयाँ वर्षको बिदामा फोहोर संकलन गर्ने दिनहरु फरक हुन्छ।आफ्नो क्षेत्रको संकलन दिनहरु पहिले नै थाहा पाईराखौं।**

◆ सधै फाल्ने फोहोर तथा पुन: प्रयोगहुने वस्तुको संकलन : वर्षको अन्तमा **12/31** (बुधबार) सम्म संकलन गरिनेछ।

◆2026/1/5 (सोमबार) देखि नियमित संकलन तालिकाअनुसार सुरु हुनेछ।

◆ठूलो आकारको फोहोर: फाल्नको लागि फाल्नु भन्दा अगाडि जानकारी गराउन आवश्यक
फोहोर संकलन गर्ने मिति भन्दा ३ दिन अगाडि आवेदन दिनुहोस्।



फोहोर संकलनको आवेदन QR

※12/31 देखि 2026/1/3 सम्म, शनिबार, आइतबार र बिदाका दिनहरु बाहेक

**<आवेदन दिने तरिका> अनलाइन:** खावासाकी शहरको वेबसाइट (पहिलो पटक प्रयोग गर्दा प्रयोगकर्ताको जानकरी दर्ता गर्नु पर्ने)

फोन नं.: ठूलो आकारको फोहोरको रिसेप्शन सेन्टर 044-930-5300 वा 0570-044-530 (समय: बिहान 8:00 - अपराह्न 4:45)

*****************************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**जापानमा बसोवास गर्दै गर्दा समस्या परेमा वा प्रश्नहरु भएमा नहिचकिचाई हामीलाई सम्पर्क गगर्नुहोस्। (नि:शुल्क हो।)**

ZOOM प्रयोग गरेर अनलाइन परामर्श पनि लिन सक्नुहुन्छ। **!**

फोन नं.: **044-455-8811**

परामर्शको समय: **बिहान 9 बजे बाट 5 बजे**

※आइतबार, बन्द दिनहरु (वर्षमा तीन पटक) र डिसेम्बर **29** देखि जनवरी **3** सम्म बन्द हुन्छ।

तालिका सूचीमा नभएका भाषाहरु र तोकिएको भाषा बोल्ने परामर्श दाता भएको दिनहरु बाहेका दिनहरुमा पनि परामर्श लिन सक्नुहुन्छ। (फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर)

| भाषा | बार | समाधान गर्ने तरिका |
|---|---|---|
| सजिलो जापानिज, अंग्रेजी, चाइनिज, पोर्तुगाली, स्पेनिश, तागालोग, नेपाली, कोरियान, थाई, भियतनामी | सोमबार देखि शनिबार | परामर्श दाताले बोल्न सक्ने भाषाहरु (**नोट**) बार अनुसार उक्त भाषा बोल्ने परामर्श दाता नभए पनि फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श गरिनेछ। |
| इन्डोनेसियाली | सोमबार देखि शुक्रबार | |
| हिन्दी, फ्रान्सेली, रुसी, मलाय, बर्मेली | सोमबार देखि शुक्रबार | फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श लिन सक्नुहुन्छ। |

अनलाइन परामर्शको आवेदनको लागि

खावासाकी अन्तर्राष्ट्रिय संघको होमपेज

# प्रशासनिक अधिकृत बाट नि:शुल्क परामर्श

प्रशासनिक अधिकृतसँग परामर्श लिन सक्ने विषयहरु धेरै भएता पनि मुख्यतया **विभिन्न लाइसेन्सहरुको आवेदन, उत्तराधिकार सम्बन्धित प्रक्रियाहरु, भिषा सम्बन्धित प्रक्रियाहरु, कम्पनी स्थापना, सम्झौता पत्रहरुको तयारी, उत्तराधिकार सम्बन्धि इच्छापत्र तयारी** आदि हुन।

**प्रत्येक महिनाको तेस्रो आइतबार परामर्श सेवा उपलब्ध छ।** जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि सशुल्क अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सक्नुहुन्छ।

**2025/12/21 र 2026/1/18 (आइतबार)** दिउँसो **2 बजे बाट 4 बजे** (केन्द्रको दोस्रो तल्ला संघको बैठक कोठा)